# बुटवल कालिका क्याम्पस

बुटवल-१०, रुपन्देही

स्थापना : बि.सं. २०७० (सन् २०१३)

## बार्षिक प्रतिवेदन

२०८१/८२

प्रकाशित मिति २०८२/०८/०६

## सारांश (Executive summary)

वि.स. २०७० सालमा त्रि.वि.बाट सामुदायिक क्याम्पसको रुपमा सम्बन्धन लिई बि.बि.स. कार्यक्रम सञ्चालनका लागि ३४ जना विद्यार्थी भर्ना गरेर कक्षा सुरु गरेको यस क्याम्पसमा हाल करिव ३७०० जना विद्यार्थी अध्ययन गरिरहेका छन् । यसै वर्ष BBS चौथो वर्षमा २० जना विशिष्ट श्रेणीसहित ६८.०९ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । त्यसै गरि B.Ed. चौथो वर्षको नतिजा पनि ७८.१७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । BCA तर्फ यस आठौ सेमेस्टरमा १०० प्रतिशत र अन्य सेमेस्टरमा ९५ प्रतिशत भन्दा माथि विद्यार्थी उत्तीर्ण भएका छन् । कुनै पनि शिक्षण संस्थाको मूल्याङ्कन गर्ने महत्त्वपूर्ण आधारमध्ये अभिभावकहरूको विश्वास, विद्यार्थीहरूको रोजाइ र क्याम्पसले उत्पादन गरेको जनशक्तिलाई लिइन्छ । यी आधारमा क्याम्पसले स्थापनाको छोटो अवधिमा आफ्नो अब्बलता प्रस्तुत गरिसकेको छ । वि.सं. २०७० सालमा तत्कालीन कालिका उच्च माध्यमिक विद्यालयमा स्थापना गरिएको यस क्याम्पसले २०७८ सालदेखि आफ्नै भवनमा कक्षा सञ्चालन गर्न सफल भएको थियो । कक्षा कोठा, शैक्षिक सामग्रीहरू, फर्निचर र प्रशासनिक कक्षाहरूको व्यवस्था, प्रयोगशाला, बैठक कक्ष, सभाहल, सेमिनार हल, रेकर्डिङ कक्ष, अनुसन्धान कक्षसमेतको प्रबन्ध गरी त्रिविबाट सम्बन्धन प्राप्त क्याम्पसहरूमध्ये आफूलाई अब्बल रुपमा उभ्याउन सफल भएको छ। पुस्तकालयको व्यवस्थापनलाई उच्च स्थानमा राखेर विशेष योजना अगाडि वढाइएको छ र निकट भविष्यमै योजनाले साकार रुप प्राप्त गर्ने विश्वास लिएका छौं ।

विद्यार्थीको आवश्यकताअनुसार आधुनिक प्रविधिको उपयोगलाई शैक्षिक कार्यमा एकीकृत गरिएको छ । युग अनुसार विद्यार्थीहरूको आवश्यकता र चाहना अनुसार आधुनिक प्रविधिलाई क्याम्पसमा भित्र्याइएको छ। विद्यार्थीको अध्ययनलाई निरन्तरता दिने वातावरण निर्माण गर्न इन्टरनेट र सफ्टवेयर प्रणालीलाई व्यवस्थित गरी प्रत्येक विषयको भिडियो, अडियो र इनोटलाई LMS (Learning Management System) मार्फत विद्यार्थी सामु पुऱ्याउने व्यवस्था मिलाइएको छ। यसबाट विद्यार्थीहरूले भरपुर फाइदा लिन सक्नेछन् र क्याम्पसको उपलब्धि स्तर पनि बढेर जान्छ भन्ने विश्वास लिइएको छ । क्याम्पसको प्रशासनिक व्यवस्थापनलाई जति सक्दो व्यावहारिक बनाउने कोसिस गरिएको छ । अभिभावक र विद्यार्थीहरूले आफना गुनासा र समस्याहरू क्याम्पस सामु राख्न सहज बनाउनको लागि मोबाइल एप्सको सुविधा उपलब्ध गराइएको छ जसको प्रयोगबाट क्याम्पसका हरेक पक्षको जानकारी लिन सकिन्छ ।

यस वर्षदेखि सामाजिक उत्तरदायित्व अन्तर्गत लुम्बिनी प्रदेशभित्रका सामुदायिक विद्यालयमा स्कुल म्यानेजमेन्ट सिस्टम, कक्षाकोठा व्यवस्थापन, आइटीको प्रयोग तथा प्रधानाध्यापक र शिक्षकहरूको क्षमता अभिवृद्धि गराउन खालको योजना निर्माण गरी प्रदेशभित्रका पालिकासँगको समन्वयमा विद्यालय छनोट गर्ने र उक्त विद्यालयलाई सहायता उपलब्ध गराउने गरी योजना बनाइएको छ ।

यसैगरी UGC नेपालबाट QAA (Quality Assurance and Accreditation) गुणस्तर सुनिश्चिता एवं प्रत्यायन प्रमाणीकरण प्राप्त गरेका छौं । स्थापनाको छोटो अववधिमा QAA प्राप्त गर्न सफल हाम्रो क्याम्पसले यसलाई निरन्तरतामा विकास गर्दै लैजाने योजना बनाइसकेको छ ।

त्रिविले प्रकाशित गरेका सूचना अनुसार MBS, BITM र BBA विषय थप गर्न व्यवस्थापन सङ्कायको डिन कार्यालय र विज्ञान तथा प्रविधि सङ्कायको डिन कार्यालयमा BSc.CSIT र BIT विषय थप गर्न त्यससम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा गरी फाइल दर्ता गराइएको छ । अब यस क्याम्पसलाई विशेषगरी सिपमूलक तथा सूचना र प्रविधिमैत्री विषय अध्ययनको केन्द्र निर्माण गर्ने गरी योजना बनाइएको छ । क्याम्पसले आफ्नै विधान, नियमावलीहरू र सङ्गठनात्मक संरचना निर्माण गरेको छ । सोहीअनुसार शैक्षिक, प्रशासनिक एवं आर्थिक गतिविधिहरू सञ्चालन हुँदै आएका छन् ।

समुदायको विश्वास, शिक्षक-कर्मचारीको समर्पण, विद्यार्थीहरूको उत्साह तथा संस्थाको मार्गदर्शनका आधारमा क्याम्पसले विगत एक वर्षमा हासिल गरेको उपलब्धि, अनुभव, सुधार र विस्तारका आयामहरू यस प्रतिवेदनमार्फत विवरणबद्ध गरिएका छन् । सामुदायिक शिक्षाको भावना, गुणस्तरीय शैक्षिक संरचनाको विकास, अनुसन्धानमैत्री वातावरणको प्रवर्द्धन र संस्थागत सुशासनलाई केन्द्रमा राख्दै अघि बढिरहेको क्याम्पसको निरन्तर प्रगतियात्रालाई यहाँ प्रस्तुत गरिएका तथ्यगत सामग्रीले सशक्त रूपमा प्रतिविम्बित गरेका छन् । यस प्रतिवेदनमार्फत क्याम्पसले हासिल गरेको प्रगति मात्र होइन, आगामी लक्ष्य, चुनौती र सम्भावनाका दिशाहरू समेत सरोकारवालासमक्ष विश्वसनीय रूपमा प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

## ऐतिहासिक पृष्ठभूमि (Background)

बुटवल क्षेत्रमा सामुदायिक उच्च शिक्षाको आवश्यकता गहिरो रूपमा महसुस भइरहेको अवस्थामा बुटवल कालिका क्याम्पस स्थापना गर्ने महत्वपूर्ण अभियान सुरु गर्नु आफैंमा चुनौती थियो । शैक्षिक अभियानमा सदैव चुनौतीको सामना गर्न अभ्यस्तसमेत भइसकेको आवस्था थियो । यसै परिप्रेक्षमा

बुटवल कालिका क्याम्पस
Butwal Kalika Campus
T.U.
2070
Butwal-10, Rupandehi
बुटवल-१०, रुपन्देही

वि. सं. २०६५ मा तत्कालीन कालिका माध्यमिक विद्यालयको प्रधानाध्यापकका रूपमा नियुक्त भई सोही वर्षबाट कक्षा ११ र १२ को सम्बन्धन लिएर उच्च माध्यमिक कक्षामा शिक्षा, व्यवस्थापन र मानविक विषयको अध्ययन अध्यापन सञ्चालन भयो । यसपछि वि. सं. २०६७ देखि क्रमशः विज्ञान, कम्प्युटर इन्जिनियरिङ र कानुन जस्ता विषयहरू थप्दै विद्यालयले आफ्नो शैक्षिक दायरा विस्तार गर्दै ल्यायो । उत्कृष्ट शैक्षिक प्रदर्शनका आधारमा नेपाल सरकार, शिक्षा मन्त्रालयले विद्यालयलाई "नेपालकै प्रथम विद्यालय" भन्दै बारम्बार पुरस्कृत गर्नुका साथै राष्ट्रिय झण्डा हस्तान्तरण गरी सम्मानित गरेको गौरवमय इतिहास समेत रहँदै आएको छ । २०७५ सालमा मानव ज्ञान मा.वि.सँग समायोजन गरी कालिका मानव ज्ञान मा.वि. बनाएर यस्तै नयाँ नयाँ उदाहरणीय कार्य गरेको भनेर देशभरि हाइहाइ भइरहेका वेला फेरि अर्को चुनौतीसँग जुध्ने आँट गरेर २०७० सालमा बुटवल कालिका क्याम्पस स्थापना भएको थियो ।

विद्यार्थीहरू कक्षा १२ उत्तीर्ण भएपछि विदेश जाने प्रवृत्ति बढ्दै गएको र वैदेशिक पलायनले स्थानीय उच्च शिक्षाको क्षेत्र चुनौतीमा परेको अवस्थामा सामुदायिक क्याम्पस स्थापनाको लागित चुनौति थियो नै तर हाम्रो टिम उक्त चुनौतिको सामना गर्न तयार भयो । जग्गा, भवन, कक्षा कोठा, फर्निचर, प्रयोगशाला, स्थायी प्राध्यापक या प्रशासनिक संरचना जस्ता कुनै पनि प्रकारका पूर्वाधार नहुँदा नहुँदै पनि विद्यालयकै परिसरमा कक्षा सञ्चालन गर्नु स्वयं ठुलो चुनौती थियो तर स्थानीय जनप्रतिनिधि, शिक्षाप्रेमी, समाजसेवी तथा समुदायको निरन्तर सहयोग र प्रतिबद्धताले मजबुद जग हाल्न सफल बुटवल कालिका क्याम्पसले आज आफ्नो सुदृढ पहिचान बनाउँदै गएको छ । त्रिभुवन विश्वविद्यालयका सामुदायिक क्याम्पसहरू मध्ये भौतिक पूर्वाधार, शैक्षिक गतिविधि तथा व्यवस्थापनका आधारमा क्याम्पसलाई अब्बल मानिएको छ । यो उपलब्धि क्याम्पस सञ्चालक समिति, स्थानीय समुदाय, शिक्षक-कर्मचारी, विद्यार्थी तथा सरोकारवाला सबैको संयुक्त प्रयास र जिम्मेवारीपूर्ण योगदानको प्रतिफल हो । बुटवल कालिका क्याम्पसको श्रीवृद्धिका लागि गरिएको निरन्तर क्रियाशीलताको उपज स्वरुप वि. सं. २०८१/८२ साल क्याम्पसको इतिहासमा 'उपलब्धिको ऐतिहासिक वर्ष' का रूपमा अङ्कित भएको छ ।

## शैक्षिक प्रगति विवरण (Academic Progress)

## Enrolment Trend Analysis of the Last Three Years

क्याम्पसमा स्नातक तह अन्तरगत विभिन्न कार्यक्रमहरुमा विगत तीन वर्षमा भर्ना भएका विद्यार्थीहरुको सङ्ख्या विवरण निम्नानुसार रहेको छ ।

| Programs | Year: 2079/80 B.S. | | | | | Year: 2080/81 B.S. | | | | | Year: 2081/82 B.S. | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Girls | EDJ | Dalit | Madhesi | Total | Girls | EDJ | Dalit | Madhesi | Total | Girls | EDJ | Dalit | Madhesi | Total |
| BBS | | | | | | | | | | | | | | | |
| 1st Year | | | | | | 331 | 157 | 38 | 12 | 516 | 488 | 73 | 46 | 25 | 742 |
| 1st Year | 400 | 206 | 36 | 14 | 452 | 454 | 242 | 43 | 17 | 675 | | | | | |
| 2nd Year | | | | | | | | | | | 357 | 58 | 23 | 7 | 563 |
| 2nd Year | 470 | 141 | 35 | 20 | 479 | 454 | 191 | 33 | 18 | 655 | 327 | 42 | 18 | 11 | 417 |
| 3rd Year | 443 | 218 | 32 | 11 | 444 | 342 | 151 | 19 | 10 | 485 | 381 | 51 | 24 | 18 | 507 |
| 4th Year | 328 | 155 | 30 | 6 | 160 | 269 | 120 | 26 | 7 | 376 | 278 | 44 | 16 | 11 | 381 |
| Total | 1641 | 720 | 133 | 51 | 1535 | 1850 | 861 | 159 | 64 | 2707 | 1831 | 268 | 127 | 72 | 2610 |
| BCA | | | | | | | | | | | | | | | |
| 1st Sem | 11 | 9 | 1 | 2 | 35 | 10 | 5 | 2 | 2 | 35 | 9 | 1 | 0 | 3 | 35 |
| 2nd Sem | 7 | 7 | 2 | 2 | 34 | 11 | 9 | 1 | 2 | 35 | | | | | |
| 3rd Sem | - | - | - | - | - | 0 | 0 | 0 | 0 | 0 | 9 | 2 | 1 | 2 | 33 |
| 4th Sem | 9 | 13 | - | - | 32 | 7 | 7 | 2 | 2 | 32 | 11 | 5 | 1 | 2 | 33 |
| 5th Sem | 6 | 6 | 1 | 1 | 31 | 9 | 13 | 0 | 0 | 32 | | | | | |
| 6th Sem | - | - | - | - | - | 0 | 0 | 0 | 0 | 0 | 7 | 2 | 2 | 2 | 27 |
| 7th Sem | 3 | 7 | - | 2 | 28 | 5 | 8 | 1 | 2 | 30 | 9 | 2 | 0 | 0 | 32 |
| 8th Sem | 4 | 13 | - | 1 | 32 | 3 | 7 | 0 | 2 | 28 | 6 | 2 | 1 | 1 | 30 |
| Total | 40 | 55 | 4 | 8 | 192 | 45 | 49 | 6 | 10 | 192 | 51 | 14 | 5 | 10 | 190 |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| BED | | | | | | | | | | | | | | | |
| 1st Year | | | | | | 118 | 63 | 17 | 10 | 144 | | | | | |
| 1st Year | | | | | | 92 | 57 | 11 | 5 | 112 | 191 | 42 | 30 | 11 | 247 |
| 2nd Year | | | | | | | | | | | 137 | 25 | 17 | 10 | 166 |
| 2nd Year | | | | | | 74 | 41 | 7 | 3 | 80 | 58 | 7 | 4 | 4 | 66 |
| 3rd Year | | | | | | 87 | 41 | 5 | 0 | 94 | 55 | 9 | 7 | 3 | 61 |
| 4th Year | | | | | | 39 | 21 | 4 | 1 | 43 | 65 | 7 | 4 | 2 | 71 |
| Total | 0 | 0 | 0 | 0 | 0 | 410 | 223 | 44 | 19 | 473 | 506 | 90 | 62 | 30 | 611 |
| BA | | | | | | | | | | | | | | | |
| 1st Year | | | | | | 16 | 7 | 2 | 1 | 26 | 37 | 5 | 5 | 4 | 54 |
| 1st Year | | | | | | 34 | 16 | 3 | 2 | 51 | | | | | |
| 2nd Year | | | | | | | | | | | 22 | 5 | 1 | 1 | 35 |
| 2nd Year | | | | | | 9 | 2 | 1 | 0 | 13 | 23 | 5 | 4 | 1 | 31 |
| 3rd Year | | | | | | 11 | 4 | 1 | 0 | 18 | 9 | 1 | 1 | 0 | 14 |
| 4th Year | | | | | | 12 | 2 | 0 | 0 | 17 | 11 | 3 | 2 | 1 | 17 |
| Total | 0 | 0 | 0 | 0 | 0 | 82 | 31 | 7 | 3 | 125 | 102 | 19 | 13 | 7 | 151 |
| MA | | | | | | | | | | | | | | | |
| 2nd Sem | | | | | | 9 | 5 | 1 | 2 | 28 | 10 | 5 | 4 | 1 | 27 |
| 4th Sem | | | | | | 3 | 3 | 0 | 1 | 20 | 8 | 2 | 1 | 2 | 24 |
| Total | 0 | 0 | 0 | 0 | 0 | 12 | 8 | 1 | 3 | 48 | 18 | 7 | 5 | 3 | 51 |
| Grand Total | 1681 | 775 | 137 | 59 | 1727 | 2399 | 1172 | 217 | 99 | 3545 | 2508 | 398 | 212 | 122 | 3613 |

Butwal Kalika Campus
Butwal-10, Rupandehi

क्याम्पसको उत्कृष्ट नतिजा, सम्पन्न भौतिक अवस्था र दक्ष जनशक्तिको उपलब्धताले गर्दा आ.व. २०७९/८० सालको तुलनामा बि.स. २०८०/८१ र आ.व. २०८०/८१ को तुलनामा आ.व. २०८१/८२ मा विद्यार्थी भर्ना वृद्धि भएको देखिन्छ । Non Credit कोर्षको सञ्चालन चुस्त दुरुस्त प्रशासन र उत्कृष्ट प्राध्यापकहरुको मेहनतले विद्यार्थीहरुको संख्यामा वृद्धि भएको पाइन्छ ।

## Pass Rate Trend Analysis of the Last Three Years

क्याम्पसमा स्नातक तह विभिन्न कार्यक्रम अन्तरगत अध्ययनरत विद्यार्थीहरुको विभिन्न कार्यक्रमहरुमा विगत तीन वर्षमा उत्तीर्ण निम्नानुसार रहेको छ ।

| Level | 2079/80 | | 2080/81 | | 2081/82 | |
|---|---|---|---|---|---|---|
| | Exam Appeared | Passed | Exam Appeared | Passed | Exam Appeared | Passed |
| MA 1st Semester | | | 28 | 8 | 27 | 22 |
| MA 2nd Semester | | | 24 | 14 | 24 | 14 |
| MA 3rd Semester | | | 20 | 14 | | |
| MA 4th Semester | | | 18 | 17 | 18 | 17 |
| BBS 1st Year | 687 | 132 | 700 | 149 | 586 | 135 |
| BBS 2nd Year | 478 | 145 | 487 | 122 | 507 | 140 |
| BBS 3rd Year | 197 | 91 | 376 | 188 | 381 | 153 |
| BBS 4th Year | 106 | 76 | 185 | 109 | 351 | 239 |
| B.Ed. 1st Year | 154 | 12 | 80 | 15 | 90 | 11 |
| B.Ed. 2nd Year | 55 | 14 | 94 | 15 | 61 | 25 |
| B.Ed. 3rd Year | | | 43 | 13 | 71 | 20 |
| B.Ed. 4th Year | | | | | 41 | 30 |
| BA 1st Year | | | 20 | 5 | 40 | 17 |
| BA 2nd Year | 28 | 6 | 18 | 11 | 14 | 10 |
| BA 3rd Year | 28 | 17 | 17 | 5 | 17 | 10 |
| BA 4th Year | | | 26 | 20 | 15 | 15 |
| BCA 1st Semester | 35 | 33 | 35 | 34 | 34 | 31 |
| BCA 2nd Semester | 32 | 28 | 33 | 31 | 35 | 33 |
| BCA 3rd Semester | 32 | 18 | 32 | 17 | 32 | 31 |
| BCA 4th Semester | 30 | 24 | 30 | 16 | 32 | 15 |
| BCA 5th Semester | 27 | 16 | 32 | 30 | | |
| BCA 6th Semester | 32 | 25 | 28 | 20 | 30 | 27 |
| BCA 7th Semester | 32 | 31 | 28 | 28 | 30 | 29 |
| BCA 8th Semester | | | 32 | 31 | 28 | 28 |
| **Total Student** | **1953** | **668** | **2386** | **912** | **2446** | **1052** |
| **Pass %** | **34.20%** | | **38.22%** | | **43.01%** | |

क्याम्पसले आन्तरिक परीक्षामा गर्ने सुधार तथा त्रि.वि.बोर्ड परीक्षाको मुल्याङ्कन तथा

विद्यार्थीहरुलाई आकर्षक छात्रवृत्तिको व्यवस्था गरेकोले त्रि.वि. वोर्ड परीक्षाको नतिजामा हाल सुधार हुदै गएको देखिन्छ।

## Graduate Trend Analysis of the Last Three years.

क्याम्पसमा स्नातक तह अन्तरगत अध्ययनरत विद्यार्थीहरुको विभिन्न तहहरुमा विगत तीन वर्ष औसत उत्तीर्ण दर (विद्यार्थी सङ्ख्या) निम्नानुसार रहेको छ।

| Academic Programs | No. of Graduate Output Per Year (in the last three years) (TU) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Year: 2079/80 B.S. | | | Year: 2080/81B.S. | | | Year: 2081/82 B.S. | | |
| | Male | Female | Total | Male | Female | Total | Male | Female | Total |
| BBS | 11 | 32 | 43 | 9 | 26 | 35 | 27 | 60 | 87 |
| BCA | | | | 15 | 4 | 19 | 24 | 4 | 28 |
| BA | | | | | | | 1 | 10 | 11 |

## सञ्चालित कार्यक्रमहरु (Programs)

क्याम्पसमा स्नातक तथा स्नातकोत्तर तहमा विभिन्न सङ्काय अन्तर्गतका शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। स्नातक तहमा मानविकी सङ्काय अन्तर्गत BCA, BA/BASW., व्यवस्थापन सङ्काय अन्तर्गत BBS, र शिक्षाशास्त्र सङ्काय अन्तर्गत B.Ed. (नेपाली, अङ्ग्रेजी र गणित) कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। मानविकी र शिक्षाशास्त्रका कक्षाहरू बिहानी सत्रमा सञ्चालन हुने गरेका छन् भने व्यवस्थापन सङ्कायका कक्षाहरू बिहानी र दिवा दुबै सत्रमा, नेपाली तथा अङ्ग्रेजी माध्यममा सञ्चालनमा छन्। स्नातकोत्तर तहमा MA (ग्रामीण विकास र अङ्ग्रेजी) कार्यक्रम सन्ध्याकालीन समयमा सञ्चालित छन्।

| क्र. सं. | तह | सङ्काय कार्यक्रम/विषय | सञ्चालन सत्र | माध्यम |
|---|---|---|---|---|
| १ | स्नातक | व्यवस्थापन (BBS) | बिहानी तथा दिवा | नेपाली, अङ्ग्रेजी |
| २ | स्नातक | मानविकी (BCA, BA/BASW) | बिहानी | नेपाली, अङ्ग्रेजी |
| ३ | स्नातक | शिक्षाशास्त्र (नेपाली, अङ्ग्रेजी, गणित) | बिहानी | नेपाली, अङ्ग्रेजी |
| ४ | स्नातकोत्तर | मानविकी (RD & English) | सन्ध्याकालीन | नेपाली, अङ्ग्रेजी |

## शैक्षणिक विधि (Educational Pedagogy)

क्याम्पसमा स्नातक र स्नातकोत्तर तहमा शिक्षण-सिकाइ प्रक्रिया आधुनिक, सहभागीमूलक र प्रयोगमुखी पद्धतिहरूका माध्यमबाट सञ्चालन हुँदै आएको छ। क्याम्पसमा पारम्परिक व्याख्यान विधिसँगै आधुनिक शिक्षण विधिहरू जस्तै–समूह छलफल, सेमिनार, प्रस्तुतीकरण, Case Study,

परियोजना कार्य, अवलोकन अध्ययन, र औद्योगिक भ्रमण लगायतका अभ्यासहरूलाई नियमित रूपमा शिक्षणमा समावेश गरिएको छ। विद्यार्थीहरूको सक्रिय सहभागिता र व्यवहारिक ज्ञान वृद्धिका लागि फिल्ड भिजिट, प्रत्यक्ष अवलोकन र सहकार्यात्मक कार्यमा विशेष ध्यान दिइएको छ। साथै शिक्षण-सिकाइलाई अझ प्रभावकारी र आकर्षक बनाउन क्याम्पसले सूचना प्रविधि (ICT) मा आधारित माध्यमहरूको प्रयोगलाई प्राथमिकता दिएको छ। कक्षाहरूमा मल्टिमिडिया प्रोजेक्टर, Interactive Board, अडियो-भिजुअल सामग्री, र इन्टरनेटजस्ता स्रोतहरू प्रयोग गरी शिक्षण-सिकाइलाई दृश्यात्मक, अन्तरक्रियात्मक र सिपमुखी बनाइएको छ। यी विधि र प्रविधिको संयोजनले विद्यार्थीहरूमा आलोचनात्मक सोँच, व्यवहारिक सिप र अनुसन्धानात्मक क्षमताको विकासमा उल्लेखनीय योगदान पुऱ्याएको छ।

भौतिक पक्षः **(Physical Progress)**

**भौतिक पूर्वाधार विकास** (Infrastructural Development)

क्याम्पस बुटवल उप-महानगरपालिका-१०, रामनगरमा अवस्थित ३३८६.३० वर्गमिटर क्षेत्रफलमा फैलिएको आफ्नै जग्गामा रहेको छ। समग्रमा क्याम्पसले भौतिक, प्राविधिक र शैक्षिक दृष्टिले यस क्षेत्रको उत्कृष्ट र आधुनिक शिक्षण केन्द्रका रूपमा आफ्नो पहिचान स्थापित गरेको छ।

क्याम्पसको भौतिक संरचना र सुविधा अत्यन्त सबल, सुसङ्गठित र आधुनिक मानकअनुसार विकसित गरिएको छ। क्याम्पसमा शैक्षिक, प्रशासनिक तथा अन्य कार्यहरूका लागि क, ख, ग गरी तीनवटा मुख्य भवन, एक सेमिनार हल, चारवटा प्रयोगशाला, चमेना गृह र अतिथि गृह सहितको भवन, तीन तल्ले सुरक्षा गार्डरूम, साथै भलिबल र बास्केटबल कोर्ट रहेका छन्। विद्यार्थी आवागमनका लागि क्याम्पससँग आफ्नै दुईवटा बस तथा भाडाका पाँचवटा बस गरी जम्मा सातवटा बस सञ्चालनमा छन्। जसले बुटवल, सुनवल, सालझण्डी, शिवपुर र ठुटी पिपलसम्म यातायात सुविधा पुऱ्याउँछन्।

**क) क्याम्पसको क्षेत्रफल :**

साविक रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वडा नं. १२, रामनगर हाल वडा नं. १० स्थित कि.नं. १७८ नक्सा नं. ०९८-११९९-२० मा ३३८६.३० वर्ग मिटर (१० कठ्ठा) क्षेत्रफल भएको जमिन रहेको छ। जुन नेपाल सरकार मन्त्रि परिषदको मिति २०७७/१०/१५ को निर्णयानुसार शुल्क नलाग्ने गरि दिर्घकालिन रुपमा लिजमा प्राप्त भएको छ।

बुटवल कालिका क्याम्पस
Butwal Kalika Campus
T.U.
2070
Butwal-10, Rupandehi
बुटवल-१०, रुपन्देही

ख) भवन संख्या:-

क्याम्पस भवन ब्लक A, B, C गरेर सिंगो एक वटा पाँच तलाको भवन रहेको छ भने भवनको पश्चिम उत्तर दिशामा २ तलाको अतिथिगृह सहितको चमेना गृह रहेको छ त्यस सँगै एउटा सुरक्षाकर्मी रहने कक्ष सहित उक्त भवनको माथि थप दुई तला थपिएको छ जहाँ अतिथिगृह र कर्मचारीको आवाश कक्ष रहेको छ।

ग) खेलमैदान :

क्याम्पस भवनको पश्चिम उत्तर भागमा भलिबल, बास्केटबल तथा अन्य खेल खेल्न मिल्ने खेलमैदान रहेको छ। क्याम्पसको पुर्व तर्फ रहेको सरकारी जग्गामा रहेको कालिका मानवज्ञान माध्यमिक विद्यालयको संरक्षकमा रहेको खेलमैदानलाई निशुल्क रुपमा यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुले प्रयोग गर्न पाउने गरि सम्झौता रहेको छ।

घ) कम्पाउन्डवाल :

क्याम्पसको वरिपरि सबै तिर पूर्णरुपमा फलामे ग्रिल सहितको कम्पाउण्डवाल, पार्किङ क्षेत्रमा आकर्षक पेविङ ब्लक र हरियाली व्यवस्थापन गरिएको छ, जसले क्याम्पसको सौन्दर्य र सुरक्षामा वृद्धि गरेको छ र क्याम्पस भवनको पश्चिम तर्फ मुल गेट र उत्तर तर्फ मिनि गेट रहेको छ।

ङ) प्रयोगशाला :

शैक्षिक प्रयोगशालाका सन्दर्भमा ICT, BBS, BEd. सम्बन्धी पाठ्यक्रमका लागि तीनवटा कम्प्युटर ल्याव, एक नेटवर्किङ ल्याव र एक डिजिटल ल्याव सञ्चालनमा छन्। ल्यावहरूमा ७४ भन्दा बढी ब्राण्डेड कम्प्युटर, ए.सी. जडान, र स्मार्टबोर्ड प्रविधि उपलब्ध छन्। साथै, क्याम्पसमा २७ वटा प्रोजेक्टर, १३ वटा इन्टरएक्टिभ बोर्ड, ICT Enabled Classroom र प्रशासनिक प्रयोजनका लागि १० वटा कम्प्युटर प्रयोगमा छन्

च) कक्षा कोठा संख्या :

क्याम्पस भवनहरूमा हाल ४१ वटा कक्षा कोठा, १७ वटा प्रशासनिक कोठा, र ५९ वटा आन्तरिक तथा २ वटा बाह्य शौचालय छन्। साथै, पाँचौं तलामा प्राध्यापक संघ, SQC कक्ष, ICT Club कक्ष, अनुसन्धान कक्ष, सेमिनार हल, मञ्च, साउण्ड सिस्टम र ए.सी.सहितको अत्याधुनिक सभाहल तथा रेकर्डिङ स्टुडियो निर्माण गरिएको छ।

छ) खानेपानी :

क्याम्पसको अण्डरग्राउण्ड ट्याङकी २५,००० लिटरको छ। क्याम्पस भवन छतमा २,००० लिटरका ४ वटा ट्याङकी र क्यान्टिन भवनमा २,००० लिटरको १ वटा ट्याङकी छ। खानेपानी फिल्टर ६ सेट र तातोचिसो डिस्पेन्सर ६ वटा रहेको छ।

ज) शौचालय :

क्याम्पस भवन भित्र ५९ वटा छात्र, छात्रा तथा शिक्षक, कर्मचारीहरुको लागी प्रयोगमा रहेको छ र भवन बाहिर मुल गेट नजिक २ वटा शौचालय निर्माण गरिएको छ। अतिथि गृहमा एक वटा शौचालय संचालनमा रहेको छ।

झ) पुस्तकालय :

लुम्बिनि प्रदेश सरकारको योजनामा क्याम्पसको उत्तर तर्फ प्रदेश स्तरिय पुस्तकालयको निर्माण भइरहेको र उक्त निर्माण सम्पन्न भए पश्चात लिजमा लिएर संचालन गर्ने उद्येश्य रहेको छ। सोही कारणले गर्दा हाल क्याम्पसले आफ्नै भवन भित्र एउटा पुस्तकालय, एउटा ई पुस्तकालय तथा वाचनालयको व्यवस्था छ। उक्त पुस्तकालय सम्पन्न भएपश्चात ई-लाइब्रेरी तथा स्तरिय बाचनालय निर्माण गर्ने योजना रहेको छ।

ञ) विद्यार्थी परिवहन (बस)

लुम्विनी प्रदेश सरकारको सहयोगमा विश्व विद्यालय अनुदान आयोगको सिफारिसमा भन्सार नेपाल सरकारवाट भन्सार छुट गरि ४१ सिट क्षमताको वस खरिद गरि संचालनमा ल्याइएको छ। क्याम्पसको आन्तरिक श्रोतबाट थप एक वटा ५१ सिट क्षमताको बस खरिद गरि क्याम्पसमा २ वटा वस संचालनमा रहेका छन्। विद्यार्थीहरुको अत्याधिक क्षमता र विद्यार्थीहरुको मागले गर्दा भाडामा वस ल्याई संचालन गरिएको छ।

शैक्षिक सामग्रीहरु (Educational Aids)

Educational Equipment (ICT, Lab Equipment, etc)

**क) कम्प्युटर तथा अन्य उपकरण :** आइसिटि अध्ययन विद्यार्थीहरुको प्रयोगात्मक कक्षाको निम्ति दुई वटा कम्प्युटर प्रयोगशालाको व्यवस्था गरी ९४ वटा कम्प्युटरको व्यवस्था गरीएको छ भने अन्य ११ वटा प्रशासनिक प्रयोजनको निम्ति व्यवस्था गरीएको छ। साथै २७ थान प्रोजेक्टर, १० वटा प्रिन्टर, २ थान स्यक्यानर, आइ.डी.कार्ड प्रिन्टर १ थान, १ थान ल्यापटप, ३ वटा फोटोकपि मेसिन, १३ वटा इन्टरएक्टिभ वोर्ड, २ थान विल प्रिन्टर मेसिन, १ थान बायोमेट्रिक हाजिरी मेसिन, १ थान टि.भि., ७७ थान सि.सि.टी.भि क्यामेरा साथै अन्य धेरै उपकरणहरु उपलब्ध रहेको छ।

ख) ल्याब उपकरणहरु:-

असिलोस्कोप लगायतका शैक्षिक सामग्रीहरुको व्यवस्था गरी अध्यापन कार्य व्यवस्थित गरिएको छ।

ग) पुस्तक तथा सन्दर्भ सामग्री (Books/Journals/Reference Materials)

Butwal Kalika Campus
T.U.
2070
Butwal-10, Rupandehi
बुटवल-१०, रुपन्देही

एक पुस्तकालयको व्यवस्था गरी आवश्यक पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरुको व्यवस्था गरिएको छ । BCA मा अध्ययनरत छात्र छात्राहरुलाई सेमेस्टर अनुसारको सबै सेट पाठ्यमामग्रीहरु र झोला उपलव्ध गराइएको छ ।

| Description | | Number | Remarks |
|---|---|---|---|
| Books | Text | 6402 | |
| | Reference | 1149 | |
| | Others | 659 | |
| Institutional Publication | Journals | 200 | |
| | Prospects | - | |
| | Brochure | 3200 | |
| | Calendar | 3300 | |
| Journls[1] | National | 101 | |
| | International | - | |
| E-resources | | - | |
| Research Reports | | 3 | |
| Government Documents | | - | |
| Others | | 1000 | |
| **Total** | | **16,014** | |

घ) फर्निचर (Furniture)

दैनिक पठनपाठन कार्यको निम्ति ४१ वटा कक्षा कोठामा ६४६ सेट डेक्स बेन्च, ३६ ह्वाइट वोर्ड, ८ ग्रीन वोर्ड, लाइब्रेरी र्‍याक १७ थान, लाइब्रेरी टेवुल २ सेट, राउण्ड टेवुल ८ थान, कुर्चि ९४५ सेट, तिन सिटर टेवुल कुर्चि सेट ५४ थान, छ सिटर टेवुल कुर्चि ३० सेट र ४२ थान पोडियमको व्यवस्था गरीएको छ ।

## आर्थिक पक्ष/प्रगति (Financial Progress)

क्याम्पस सञ्चालन तथा प्रवर्द्धनको निम्ति आर्थिक स्रोत व्यवस्थापन महत्वपूर्ण पक्ष हो। जसका निम्ति क्याम्पसले हरेक वर्ष अनुमानित आय-व्यय तथा नीति कार्यक्रम तय गरी बजेटको व्यवस्था गर्ने गर्दछ र सोहि अनुसार कार्यान्वयन गरिएको छ। विगत ३ वर्षको आर्थिक स्रोत विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ।

| वर्ष | आ.ब. २०८१/८२ | आ.ब. २०८०/८१ | आ.ब. २०७९/८० |
|---|---|---|---|
| आन्तरिक आम्दानी | | | |
| विद्यार्थी शुल्क | ११५,९५१,४९३.०० | ८५,५१३,३३०.५० | ६६,०४९,५६२.५० |
| अन्य शुल्क | १,९५८,२७८.६४ | ४८१,४७३.६४ | १८५,५९४.८८ |
| जम्मा | ११७,९०९,७७१.६४ | ८५,९९४,८०४.१४ | ६६,२३५,१५७.३८ |

| | | | |
|---|---|---|---|
| सरकारी तथा अन्य | | | |
| सरकारी अनुदान | १,५४७,०००.०० | ७,७६२,७१७.१३ | ६,१०९,२६१.०० |
| विश्वविद्यालय अनुदान | २,१३५,०००.०० | १,८०५,०००.०० | ३,२०५,०००.०० |
| जम्मा | ३,६८२,०००.०० | ९,५६७,७१७.१३ | ९,३१४,२६१.०० |
| सञ्चालन खर्च | | | |
| तलब | ४२,०५८,४३९.०० | ३०,९९०,६९१.०० | २८,९८८,९२७.०० |
| अन्य | २४,९७२,३१३.५५ | १८,६३२,७८९.४२ | १६,०५७,३९९.०० |
| जम्मा | ६७,०३०,७५२.५५ | ४९,६२३,४८०.४२ | ४५,०४६,३२६.०० |
| पूजिगत खर्च | | | |
| भवन निर्माण | ३,८२६,२८२.५४ | ६,१८७,४०९.४६ | १६,६८०,१७५.०० |
| अन्य (फर्निचर, बस, खेलकुद) | २,१६४,२४८.०० | ४,३७९,७५३.६८ | २,३८१,९७६.४४ |
| मेशिनरी | ४,०१७,६५१.०० | ५,५३१,१०७.०० | ४,६६७,७१३.०० |
| पुस्तक | ७६७,९६६.०० | ४६६,०६०.०० | ३७२,१८८.०० |
| सफ्टवेयर खर्च | १,०९३,१००.०० | | |
| जम्मा | ११,८६९,२४७.५४ | १६,५६४,३३०.१४ | २४,१०२,०५२.४४ |

यस क्याम्पसको आन्तरिक आम्दानी तर्फ खुद शुल्कमा आ.व. २०७९/८० सालको तुलनामा आ.व. २०८०/८१ सालमा २९.८३ प्रतिशतले र आ.ब. २०८०/८१ सालको तुलनामा आ.ब. २०८१/८२ सालमा ३७.११ प्रतिशतले वृद्धि भएको देखिन्छ। यसरी आम्दानी वृद्धि हुनुपर्नेमा विद्यार्थीहरुको संख्या क्रमश बढ्दै जाने हो। यसैगरी सरकारी तथा अन्य संघबाट प्राप्त अनुदान तर्फ आ.व. २०७९/८० सालको तुलनामा आ.व. २०८०/८१ सालमा २.७२ प्रतिशतले वृद्धि तथा आ.व. २०८०/८१ सालको तुलनामा आ.व. २०८१/८२ सालमा ६१.५२ प्रतिशतले कमि भएको देखिन्छ। सञ्चालन खर्च तर्फ भने आ.ब. २०७९/८० सालको तुलनामा आ.व. २०८०/८१ सालमा १०.१६ प्रतिशतले र आ.ब. २०८०/८१ सालको तुलनामा आ.ब. २०८१/८२ सालमा ३५.०८ प्रतिशतले वृद्धि भएको देखिन्छ विद्यार्थीहरुको संख्या वृद्धि तथा शिक्षक र कर्मचारीहरुको संख्या बढेको र महङ्गी दर वृद्धि भएकोले संचालन खर्चमा क्रमश वृद्धि भएको छ। यस बुटवल कालिका क्याम्पसको भवन निर्माण, पाठ्यपुस्तक खरिद, तथा अन्य शैक्षिक उपकरणहरु खरीद, सफ्टवेयर जस्ता पूँजीगत खर्चतर्फ आ.ब. २०७९/८० सालको तुलनामा आ.ब. २०८०/८१ सालमा ३१.२७ प्रतिशतले कम भएको देखिन्छ। यसैगरी उक्त प्रकारको पुँजीगत खर्चतर्फ भने आ.व. २०८०/८१ सालको तुलनामा आ.व. २०८१/८२ सालमा २८.३४ प्रतिशतले कमि भएको देखिन्छ। उक्त पुँजीगत खर्चमा कमि हुनुको प्रमुख कारण क्याम्पसको सम्पुर्ण भौतिक संरचना तयार भइसकेको हुनाले ऋणात्मक वृद्धि भएको देखिन आउछ।

लेखापरीक्षणका सुझावहरु र त्यसको कार्यान्वयन (Audit Observation/ Suggestions and Implementation)

लेखापरिक्षण प्रतिवेदनबाट कुनै किसिमका सुधारका राय सुझावहरु प्राप्त नभएको देखिन्छ ।

## सामाजिक उन्नति (Social Progress)

- **सामाजिक सहभागिता (Involvements in Social Activities)**

आजको समयमा सामाजिक उत्तरदायित्व बिनाको सामाजिक जीवनको परिकल्पना गर्न कठिन हुने सन्दर्भमा सरकारी, सामुदायिक तथा निजी क्षेत्रमा सञ्चालित संघ संस्थाहरुलाई सामाजिक उत्तरदायित्व तर्फ उत्प्रेरित गर्नु आवश्यक छ । मुलुकको सामाजिक उद्देश्यले परिलक्षित गरेका आदर्श, सामाजिक मूल्य स्थापना र विकास गर्दै सुसंस्कृत र समुन्नत समाजको निर्माणका लागि सामाजिक उत्तरदायित्वको महत्वपूर्ण भूमिका रहन्छ । जसको लागि हरेक संस्थाहरु समाजप्रति नै जवाफदेही र प्रतिस्पर्धी बनाउँदै लैजानु सबैको कर्तव्य र जिम्मेवारी पनि हो । क्याम्पस पनि यो समाजको अभिन्न अङ्ग भएकाले समाजका विभिन्न गतिविधिहरुमा क्याम्पसको पनि सहभागिता गराउनु आवश्यक छ ।

क्याम्पसले असहाय, ग्रामीण तथा भौगोलिक रूपमा पिछडिएका क्षेत्र लक्षित गरी रुलर क्याम्प, सामुदायिक विकासका कार्यक्रम, तथा स्थानीय विद्यालयहरूमा तालिम, परामर्श र शैक्षिक सहयोगका गतिविधि सञ्चालन गरेको छ। यसले विद्यार्थी-समुदाय-संस्था विच सहकार्य र विश्वास अभिवृद्धि गरेको छ ।

यस क्षेत्रका विभिन्न सामाजिक गतिविधिहरुमा क्याम्पसको तर्फबाट सहभागिता भइरहको छ । नगर सरसफाई, रक्तदान, स्वास्थ्य शिविर जस्ता जनस्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरु वार्षिक उत्सवको समयमा विगत वर्षदेखि नै सञ्चालन गर्दै आईरहको छ। क्याम्पसले समुदायमा सचेतना कार्यक्रम संचालनको लागी विभिन्न दिवसहरुमा सचेतना, गोष्ठी सेमिनार कार्यक्रम संचालन गर्दै आइरहेको छ । यस क्षेत्रको माग अनुसारका शैक्षिक कार्यक्रम तथा विषयहरुको सन्दर्भमा समेत विभिन्न समयमा अभिभावकहरुको भेला गराई समुदायको राय तथा सुझावहरु लिने गरिएको छ ।

- **समुदायको योगदान (Society's Contributions for Campus)**

सामुदायिक क्याम्पसहरु समुदायबाट सञ्चालित मुनाफारहित क्याम्पस हुन् । यस्ता क्याम्पसहरुको सञ्चालन तथा व्यवस्थापन समुदायकै अगुवाहरु द्वारा गरिएको हुन्छ र यिनको उत्तरदायित्व पनि समुदायसँग हुन्छ । समुदायले आफ्ना छोराछोरीलाई न्यूनतम् शुल्कमा गुणस्तरीय शिक्षा दिन यस्ता क्याम्पस सञ्चालन गरेका हुन्छन् । त्यसकारण कुनै पनि संस्थाले समुदायको योगदान बिना अपेक्षाकृत सफलता प्राप्त गर्न सक्दैन । यस बुटवल कालिका क्याम्पसले छोटो समयमा प्राप्त गरेको सफलताको श्रेय समुदाय र शिक्षा प्रेमीलाई नै जान्छ । क्याम्पस स्थापनाका समयमा क्याम्पस सभाको गठन गर्न यस समुदाय अन्तरगत रहनुभएको बुद्धिजिवी वर्ग साथै सम्पुर्ण समाजसेवी, शिक्षा प्रेमीहरुको लगाव साथै कालिका मानवज्ञान माध्यमिक विद्यालयको पुर्ण सहयोग

Butwal Kalika Campus
2070
Butwal-10, Rupandehi

र नेपाल सरकार अन्तगरका सम्पुर्ण निकायहरुबाट आर्थिक सङ्कलन गरेर क्याम्पस संचालन गरिएको हो । विभिन्न समयमा क्याम्पसले आयोजना गर्ने अभिभावक भेलाहरुमा अभिभावकहरु उल्लेख्य उपस्थित भई क्याम्पसको प्रगतिका लागि विभिन्न सुझावहरु प्राप्त हुने गरेको छ । साथै शैक्षिक परामर्श केन्द्रको रुपमा समेत क्याम्पसले सेवा प्रदान गरिरहेको छ ।

## सामाजिक योगदान योजना (Plan for Campus's Contribution to society)

सामाजिक उत्तरदायित्व समाजप्रतिको जिम्मेवारी हो । समाजको सकारात्मक भूमिका र स्वीकारविना कुनै पनि सङ्घ-संस्थाले आफ्ना क्रियाकलापको प्रभावकारी सम्पादन गर्न सक्दैन । व्यक्तिगत रूपमै पनि सामाजिक उत्तरदायित्व अनिवार्य र गम्भीर बन्दै गइरहेको परिवेशमा हरेक संस्थाको निम्ति एक खालको बाध्यकारी कर्तव्य बनेको छ । फलस्वरुप क्याम्पसमा अध्ययनरत विद्यार्थी र कार्यरत प्राध्यापक, कर्मचारीहरुलाई समुदायका गतिविधिहरुमा आफ्नो सीप तथा क्षमताको प्रयोग गर्न प्रोत्साहन गर्ने नीति क्याम्पसले अवलम्बन गरेको छ । साथै समय समयमा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गरी सरोकारवालाहरुको माग र आवश्यकता अनुसार क्याम्पसले समुदायमा आफ्नो भूमिका अझ वृद्धि गर्दै लैजाने योजना बनाइएको छ ।

सामाजिक उत्तरदायित्व अन्तर्गत लुम्बिनी प्रदेशभित्रका सामुदायिक विद्यालयमा स्कुल म्यानेजमेन्ट सिस्टम, कक्षाकोठा व्यवस्थापन, आइटीको प्रयोग, प्रधानाध्यापक र शिक्षकहरूको क्षमता वृद्धि गराउन खालको योजना निर्माण गरी प्रदेशभित्रका पालिकासँगको समन्वयमा विद्यालय छनोट गर्ने र उक्त विद्यालयलाई सहायता उपलब्ध गराउने गरी योजना बनाइएको छ ।

क्याम्पसमा अध्ययन गर्नका लागि यस क्षेत्रका समुदायका विद्यार्थीहरुलाई विशेष प्राथमिकता दिने व्यवस्था गरीएको छ भने यस क्याम्पसवाट उत्तीर्ण विद्यार्थी तथा यस समुदायका विद्यार्थीहरुलाई विशेष प्राथमिकताका साथ रोजगार प्रदान गर्ने योजना अनुरुप क्याम्पस सञ्चालन गरिएको छ । साथै समुदायका सम्पुर्ण जनसमुदायहरुलाई क्याम्पसले सञ्चालन गरेको पुस्तकालयमा पँहुच पुऱ्याउने कार्यक्रम अघि सारेको छ ।सामाजिक सुधार तथा शिक्षा क्षेत्रको सुधारको निम्ति राष्ट्रिय योजना र नीति अनुरुप योगदान दिने योजना क्याम्पसको योजना रहेको छ ।

## समुदायमा सहभागिता वृद्धि योजना (Plan for increased involvement of Society in the Campus)

क्याम्पसका हरेक कार्यक्रमहरुमा समुदायको सहभागिता अभिवृद्धि गर्नको निम्ति विशेष जोड दिने नीति अनुरुप हरेक वर्षका कार्यक्रमहरुमा सहभागिता बनाउने र पहिलो अवसर स्थानीय जनतालाई दिने योजना अनुरुप सहभागिता अभिवृद्धि गरिएको छ । चरम आर्थिक अभाव यस्ता क्याम्पसको सवैभन्दा टड्कारो समस्या हो । यस किसिमको समस्याको न्यूनीकरणका लागि क्याम्पसमा समुदायको संलग्नता वृद्धि गर्न अभिभावकहरुको भेला तथा क्याम्पस सभाको बैठकद्वारा अभिभावकहरु मध्येबाट अनुगमन तथा समन्वय, सामाजिक लेखा, आन्तरीक लेखा, निर्माण, शैक्षिक योजना लगायतका उप-समितिहरु गठन गरिएको छ र सो उप-समितिको बैठक बसी विभिन्न

निर्णयहरु गर्ने व्यवस्था रहेको छ। समुदायको क्याम्पससँगको निकटताको वृद्धिका लागि क्याम्पसले आफ्नो Website साथै क्याम्पसमा उपलब्ध गराइएको सुझाव पेटिकाबाट सुझाव तथा गुनासोहरु राख्न सकिने व्यवस्था गरेको छ। आगामी दिनहरुमा यस किसिमका अन्य प्रविधिहरुको प्रयोग गर्ने समेत क्याम्पसको योजना रहको छ।

## कठिनाइ तथा चुनौतीहरु (Issues and Challenges)

### (क) क्याम्पसका अल्पकालीन (Short Term Challenges)

क्याम्पसका प्रमुख चुनौतीहरु निम्नानुसार रहेका छन् :-

- सरकारको शिक्षा क्षेत्रसँग सम्बन्धित स्पष्ट नीतिको अभाव,
- सामुदायिक क्याम्पसहरुमा सरकारको न्यून लगानी,
- विद्यार्थीहरुको क्याम्पस छोड्ने दर नियन्त्रण गर्नु,
- शैक्षिक संस्थाहरुका बीच अस्वस्थ प्रतिस्पर्धा,
- कतिपय विषय तथा कार्यक्रममा विद्यार्थीको आकर्षण कम हुनु,
- विद्यार्थीको नतिजा अपेक्षाकृत सुधार हुन नसक्नु,
- आवश्यक जग्गा व्यवस्थापन तथा पर्याप्त कक्षा कोठाको व्यवस्थापन,
- विद्यार्थीहरुलाई स्वःरोजगार तथा रोजगारीको सुनिश्चितता दिनु,
- गरिव तथा विपन्न विद्यार्थीहरुलाई पर्याप्त छात्रवृत्ति उपलब्ध गराउनु,
- प्राध्यापक, कर्मचारीहरुलाई अनुसन्धान कार्यमा अपेक्षित रुपमा सरिक गराउन नसकिनु।

### (ख) क्याम्पसका दीर्घकालीन चुनौतिहरु (Long Term Challenges)

- संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरुलाई शिक्षा क्षेत्रमा लगानी गर्ने वातावरण वनाउने,
- क्याम्पसको आर्थिक श्रोतको प्रमुख क्षेत्र विद्यार्थीको शुल्क नै हुनु,
- शिक्षालाई आम्दानीको श्रोतको रुपमा मात्र लिइनु,
- सरकारको स्थिर शैक्षिक नीति नहुनु र त्रिभुवन विश्वविद्यालयले आफ्नो शैक्षिक क्यालेण्डरको पूर्ण रुपमा पालना गर्न नसक्नु,
- सामुदायिक क्याम्पसका लागि सरकारको उचित सहयोगको अभाव,
- शिक्षण पेशाप्रतिको आकर्षणको अभाव,
- शिक्षामा हुँदै गएको अधिक निजीकरण,
- उत्तीर्ण विद्यार्थीहरुका लागि उपयुक्त रोजगारीका अवसरहरुको अभाव।

### (ग) समाधानका उपायहरु (Mitigation Measures Taken to Address the Issues and Meet the Challenges)

क्याम्पस सामु विद्यमान समस्या समाधान गर्नको निम्ति निम्नानुसारका उपायहरु अवलम्वन गरीने छ :

- क्याम्पसका लागि नियमित आयश्रोत वृद्धि गर्न विभिन्न सरकारी तथा गैरसरकारी दातृ निकायहरु सँग सम्पर्क र समन्वय गरिने,
- यस क्षेत्रमा रहेका शैक्षिक संस्थाहरुका बीचमा स्वस्थ प्रतिस्पर्धाको वातावरण कायम राख्न नियमित अन्तरक्रिया गर्ने,
- विद्यार्थीहरुको नतिजामा सुधार ल्याउन कमजोर विद्यार्थीहरुको पहिचान गरी अतिरिक्त कक्षा, परीक्षा तयारी कक्षा लगायत परामर्श कक्षालाई अफ प्रभावकारी गराउने,
- विद्यार्थीहरुको नियमित रुपमा एकाइ परीक्षा र आन्तरिक परीक्षा सञ्चालन गर्ने,
- प्राध्यापक कर्मचारीहरुको कार्य क्षेमता अभिवृद्धि गर्न पुनर्ताजगी तालिम तथा अनुसन्धान कार्यका लागि प्रोत्साहन गर्ने,
- विद्यार्थीहरुलाई पुस्तकालयमा गई अध्ययन गर्न प्रोत्साहन गर्ने,
- प्राध्यापकहरुको वृत्ति विकास गर्न अनुसन्धानमूलक कार्यका लागि प्रोत्साहित गर्ने,
- विभिन्न वित्तीय एवम् अन्य सङ्घ संस्थाहरुसँग समन्वय गरी उत्तीर्ण विद्यार्थीहरु मध्ये उत्कृष्ट विद्यार्थीहरुलाई सामान्य प्रक्रिया पुरा गरी रोजगारी प्रदान गर्ने वातावरण तयार गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दाताहरुसंग सम्वन्ध विकास गरी स्रोत, साधन जुटाउने ।
- उच्च शैक्षिक गुणस्तर कायम गर्ने ।
- UGC / TU ले सञ्चालन गर्ने नयाँ नयाँ कार्यक्रमहरु प्राप्त गरी सफलतापूर्वक सम्पन्न गर्ने ।
- क्याम्पसको गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने ।
- विद्यार्थीहरुको लागी यातायतको सुविधाका लागी आवश्यकतानुसार वस खरिद गर्ने ।

## वार्षिक कार्य योजना तथा बजेट (Annual Work Plan and Budget): (2021-2026)

हरेक वर्ष कार्य योजना बनाइ कार्यान्वयन गर्ने व्यवस्था अनुरुप पञ्चवर्षीय कार्ययोजना तथा कार्यनीति निर्माण गरी क्रमश: कार्य अगाडि बढाउने पद्दति अनुसार निम्नानुसारको योजना तथा वजेट निर्माण गरीएको छ निम्न योजना यस वर्ष अन्तिम रहेको र आगामी योजना बन्दै गरेको जानकारी गराउन चाहान्छौ ।

| S. N. | Activities | Expenditure | *Work in the years* | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | 2021 2022 | 2022 2023 | 2023 2024 | 2024 2025 | 2025 2026 |
| 1. | E-Library management | 1000000 | √ | √ | √ | √ | √ |
| 2. | Purchasing books for library | 500000 | √ | √ | √ | √ | √ |
| 3. | Educational/learning Materials | 600000 | √ | √ | √ | √ | √ |
| 4. | EMIS Management | 250000 | √ | √ | √ | √ | √ |
| 5. | Manage Campus website | 200000 | √ | √ | √ | √ | √ |
| 6. | Purchasing sports materials for ECA | 500000 | √ | √ | √ | √ | √ |
| 7. | Computers for Lab | 2000000 | √ | √ | √ | √ | √ |
| 8. | Computer lab, Electrical lab, and Science lab | 800000 | √ | √ | √ | √ | √ |
| 9. | Development of Lab & Purchasing Equipment | 4500000 | √ | √ | √ | √ | √ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 10. | Multimedia-Projectors, smart board | 1200000 | √ | √ | √ | √ | √ |
| 11. | Academic Tour for Teachers | 750000 | √ | √ | √ | √ | √ |
| 12. | Observation Tour for BOD body | 750000 | √ | √ | √ | √ | √ |
| 13. | Field Study Trips for Students | 500000 | √ | √ | √ | √ | √ |
| 14. | Teachers' Professional Development | 500000 | √ | √ | √ | √ | √ |
| 15. | Professional Trainings for Students | 500000 | √ | √ | √ | √ | √ |
| 16. | Research training and orientations for | 1000000 | √ | √ | √ | √ | √ |
| 17. | Research trainings for teachers | 500000 | √ | √ | √ | √ | √ |
| 18. | M.Phil. and Ph. D. study Aid for teachers | 1000000 | √ | √ | √ | √ | √ |
| 19. | Social Research Conduction | 500000 | √ | √ | √ | √ | √ |
| 20. | National Level Seminar Conduction | 500000 | | | √ | √ | |
| 21. | Administrative Block Management | 250000 | √ | √ | √ | √ | √ |
| 22. | Collaboration with National and International | 1500000 | | | | √ | √ |
| 23. | Publication of Research Works | 750000 | √ | √ | √ | √ | √ |
| 24. | Publication of Students' & Teachers' | 1000000 | | √ | √ | √ | √ |
| 25. | Academic Workshop | 750000 | √ | √ | √ | √ | √ |
| 26. | Students' Job Counseling and Placement | 500000 | √ | √ | √ | √ | √ |
| 27. | Management of Extra Class | 750000 | √ | √ | √ | √ | √ |
| 28. | Management of Scholarship | 750000 | √ | | √ | | √ |
| 29. | Visiting Professor Allowance | 250000 | √ | √ | √ | √ | √ |
| 30. | Awards for teachers and students. | 500000 | √ | √ | √ | √ | √ |
| 31. | Conduction of Workshops | 500000 | √ | √ | √ | √ | √ |
| 32. | QAA Cost | 1000000 | √ | √ | √ | √ | √ |
| 33. | Faculty Department Management | 500000 | √ | √ | √ | √ | √ |
| 34. | Upgrading Faculties (MBA, MBS, MCA, B.Sc.) | 500000 | √ | √ | √ | √ | √ |
| 35. | Multimedia Classroom Management | 500000 | √ | √ | √ | √ | √ |
| 36. | Museum, Changing Room, and First Aid | 1800000 | | √ | √ | √ | √ |
| 37. | Classroom Management | 500000 | √ | √ | √ | √ | √ |
| 38. | Guest Room and SMC Office Management | 500000 | √ | √ | √ | √ | √ |
| 39. | Project works for Students | 500000 | √ | √ | √ | √ | √ |
| 40. | Conduction of Social Awareness Program by | 75000 | √ | √ | √ | √ | √ |
| 41. | Smart Board, Projector, and White Board | 500000 | √ | √ | √ | √ | √ |
| 42. | AC, Fan, and Furniture Management. | 1200000 | √ | √ | √ | √ | √ |
| 43. | Parking and Guard Room Management | 4000000 | | | √ | √ | √ |
| 44. | Play Ground Management | 1500000 | √ | √ | √ | √ | √ |
| 45. | CCTV System Management | 400000 | | √ | √ | √ | √ |
| 46. | Publication of Campus Prospectus | 500000 | √ | √ | √ | √ | √ |
| 47. | Grants for Outstanding & Competitive | 200000 | √ | √ | √ | √ | √ |
| 48. | Uniforms for Non-teaching staff | 50000 | √ | √ | √ | √ | √ |
| 49. | Conduction of health camps | 50000 | √ | √ | √ | √ | √ |
| 50. | Store Management | 200000 | √ | √ | √ | √ | √ |
| 51. | Canteen Management | 300000 | √ | √ | √ | √ | √ |
| 52. | Land | 10000000 | | | | | √ |
| TOTAL SUM | | 39325000 | | | | | |

स्रोत परिचालन तथा बजेट योजना **(Resource Mobilization) (BUDGET/ ACTION PLAN):**

आ.ब. २०८१/०८२ को अनुमानित, यथार्थ र आ.बर्ष २०८२/०८३ को अनुमानित आय

| क्र.स. | शिर्षक | २०८१/२०८२ अनुमानित आय | २०८१/२०८२ यथार्थ आय | २०८२/२०८३ को अनुमानित आय |
|---|---|---|---|---|
| क | नियमिति आय | | | |
| १ | सेमेष्टर कार्यक्रम भर्ना तथा शिक्षण | २२,७७०,000.00 | २५,२३०,0९४.00 | २२,२००,000.00 |
| २ | बार्षिकी कार्यक्रम भर्ना शुल्क | ३१,१३०,९८२.00 | २८,७२१,८१४.00 | ३०,२५८,000.00 |
| ३ | बार्षिकी कार्यक्रम शिक्षण तथा मासिक शूल्क | ३९,९३१,२००.00 | ३७,४००,४६५.00 | ३९,७७२,८००.00 |
| ४ | आन्तरिक परीक्षा शूल्क | ४,१५९,५००.00 | ३,५३५,४७५.00 | ४,१४३,000.00 |
| ५ | त्रि.वि. दर्ता शुल्क | ५३५,५००.00 | ७४८,000.00 | ५१८,000.00 |
| ६ | भर्ना र प्रवेश फाराम आय | ३६५,000.00 | ५४७,000.00 | ३७०,000.00 |
| ७ | पुस्तकालय शुल्क | २१९,000.00 | २६९,७१७.00 | २२२,000.00 |
| ८ | त्रि.वि. प्राक्टीकल परीक्षा | ५६१,५००.00 | ६५४,0५०.00 | ५५५,५००.00 |
| ९ | त्रि.वि. परीक्षा शुल्क | ४,५५४,५००.00 | ६,९५३,८५०.00 | ५,९३८,000.00 |
| १० | विद्यार्थी परिचय र बसकार्ड पत्र शुल्क | ३४६,६२५.00 | ३५०,३७५.00 | ३८६,५००.00 |
| ११ | रिपोर्ट लेखन शुल्क | ५0२,५००.00 | ६४९,५००.00 | ५४०,000.00 |
| १२ | यातायत आम्दानी | ५,000,000.00 | ६,४६४,९६२.00 | ७,५००,000.00 |
| १३ | टाई तथा टि सर्ट शुल्क | ५००,000.00 | २२५,६००.00 | ५००,000.00 |
| १४ | चारित्रिक प्रमाण पत्र | १५०,000.00 | २४८,६००.00 | ३००,000.00 |
| १५ | सिफारिस पत्र आय | ८0,000.00 | ७६,६००.00 | ८0,000.00 |
| १६ | त्रि.वि. परीक्षा केन्द्र आय | १,२५०,000.00 | ६१७,९३४.00 | १,000,000.00 |
| १७ | परीक्षा जरिवाना | ८००,000.00 | १,५२१,७६५.00 | ७००,000.00 |
| १८ | पुस्तकालय जरिवाना | १००,000.00 | २0२,७४०.00 | १००,000.00 |
| १९ | बैक ब्याज आय | १,000,000.00 | १,१६९,५२६.३५ | १,000,000.00 |
| २० | ठेक्का तथा अन्य फारम शुल्क | २५,000.00 | - | २५,000.00 |
| २१ | शिक्षक/कर्मचारी आवेदन शुल्क | २0,000.00 | - | २0,000.00 |
| २२ | क्यान्टिन आम्दानी | २५०,000.00 | ४१०,000.00 | ३५०,000.00 |
| २३ | विद्यूत् आय (कालिका स्कुल र क्यान्टिन) | ४००,000.00 | ४३६,0५६.00 | ६००,000.00 |
| २४ | रिशर्च तथा अन्य तालिम आम्दानी | २५०,000.00 | ३५०,000.00 | ३५०,000.00 |
| २५ | हल भाडा आम्दानी | ५0,000.00 | - | ५0,000.00 |
| २६ | थेसिस तथा थेसिस अभिमुखिकरण, प्ल्यागरिजम शुल्क | ३८0,000.00 | ९८,५००.00 | २००,000.00 |
| २७ | विज्ञापन तथा अन्य आय | ५0,000.00 | ७५,000.00 | ५0,000.00 |
| २८ | क्याम्पस परीक्षा केन्द्र आय | २००,000.00 | ३२१,५४२.00 | २००,000.00 |
| २९ | विविध शुल्क | १५०,000.00 | ६२,000.00 | १००,000.00 |
| | जम्मा नियमति आय (क) | ११५,७३१,३०७.00 | ११७,३४१,१६५.३५ | ११८,0२८,८००.00 |
| | | | | |
| ख | पुजिगत आय | | | |
| १ | वि.वि.अनुदान विविध | १,२५०,000.00 | - | १,000,000.00 |
| २ | वि.वि.अनुदान नियमित | १,८००,000.00 | १,७८५,000.00 | २,४८५,000.00 |
| ३ | बुटवल उपमहानगरपालिका | १,000,000.00 | ५००,000.00 | २००,000.00 |
| ४ | लुम्बिनी प्रदेश सरकार | ४,000,000.00 | - | ३,000,000.00 |
| ५ | अन्य आम्दानी | १,000,000.00 | १६०,000.00 | १००,000.00 |
| ६ | छात्रवृति सहयोग आय | ५००,000.00 | ७९२,000.00 | ५००,000.00 |

| | | | | |
|---|---|---|---|---|
| ७ | नोक्सान (सापटी तथा ऋण) | - | - | - |
| | जम्मा पुंजिगत आय (ख) | ९,५५०,०००.०० | ३,२३७,०००.०० | ७,२८५,०००.०० |
| | जम्मा आय (क+ख) | १२५,२८१,३०७.०० | १२०,५७८,१६५.३५ | १२५,३१३,८००.०० |

## आ.ब. २०८०/०८१ को व्यय अनुमानित, यथार्थ र २०८२/०८३ को अनुमानित व्यय बजेट

| क्र.स. | शिर्षक | २०८१/२०८२ अनुमानित खर्च | २०८१/२०८२ यथार्थ खर्च | २०८२/२०८३ को अनुमानित खर्च |
|---|---|---|---|---|
| क | नियमित खर्च | | | |
| १ | तलब, ग्रेड र भत्ता खर्च | ४१,६२५,२७६।०० | ३८,२५०,९५२।०० | ४७,०१०,९७६।०० |
| २ | दशै खर्च | १,६४७,५१७।०० | १,३९४,६१६।०० | १,७७०,६४७।०० |
| ३ | घर बिदा खर्च | ३०४,५४५।०० | २५७,३४५।०० | ५२०,४८०।०० |
| ४ | थप कर्मचारी संचय कोष खर्च | १,६११,९९६।०० | १,६८३,९१०।०० | १,९८९,०००।०० |
| ५ | थप अवकाश कोष खर्च | ४६३,८६०।०० | ४६७,६८९।०० | ८१५,८४४।०० |
| ६ | अन्य पारिश्रमिक खर्च | २००,०००।०० | ५६,०००।०० | २००,०००।०० |
| ७ | आन्तरिक परीक्षा खर्च | ४००,०००।०० | २१४,१०९।८८ | ५००,०००।०० |
| ८ | प्रमोशन नया दरबन्दी खर्च | ५०,०००।०० | ( | ८०,०००।०० |
| ९ | त्रि.वि. परीक्षा खर्च | २,५००,०००।०० | ४,७३९,१८१।०० | ४,५००,०००।०० |
| १० | त्रि.वि. दर्ता खर्च | १,०००,०००।०० | ८५०,०००।०० | ६००,०००।०० |
| ११ | क्याम्पस नविकरण खर्च | १५०,०००।०० | १७,०००।०० | १५०,०००।०० |
| १२ | त्रि.वि. परीक्षा केन्द्र खर्च | १,०००,०००।०० | ४०७,६८०।०० | ६००,०००।०० |
| १३ | दैनिक भ्रमण खर्च | ४००,०००।०० | १९८,१४९।०० | ५००,०००।०० |
| १४ | भर्ना तथा विज्ञापन खर्च | ३००,०००।०० | १२२,५०९।०० | ३००,०००।०० |
| १५ | सञ्चार खर्च | ५००,०००।०० | | ५००,०००।०० |
| १६ | विद्युत तथा खानेपानी | १,८००,०००।०० | १,०५६,१९६।०० | १,५००,०००।०० |
| १७ | पत्रपत्रिका खर्च | २०,०००।०० | ९,०००।०० | ३०,०००।०० |
| १८ | अतिथि सत्कार खर्च | २००,०००।०० | १४२,९७२।०० | ३००,०००।०० |
| १९ | प्रिन्टीङ, प्रकाशन तथा छपाई खर्च | १,०००,०००।०० | ५१०,६२९।०० | १,०००,०००।०० |
| २० | इन्धन खर्च | २,०००,०००।०० | १,२१८,६०६।४९ | १,८००,०००।०० |
| २१ | स्टेशनरी तथा मसलन्द खर्च | ६००,०००।०० | २८७,४३३।०० | ६००,०००।०० |
| २२ | लेखापरिक्षण खर्च | ६०,०००।०० | ४०,०००।०० | ६०,०००।०० |
| २३ | खेरजाने जिन्सी खर्च | ३००,०००।०० | २१४,२६९।०० | ४००,०००।०० |
| २४ | शिक्षक, कर्मचारी बिमा | २००,०००।०० | | २००,०००।०० |
| २५ | वेवसाइट तथा Web Mail खर्च | ३००,०००।०० | १७१,९२०।०० | ३००,०००।०० |
| २६ | कर, नविकरण, बिमा खर्च | ३००,०००।०० | २१९,८१४।०० | ३००,०००।०० |
| २७ | वार्षिकोत्सव, साधारण तथा क्याम्पस सभा खर्च | ७००,०००।०० | ३६५,९१५।०० | १,०००,०००।०० |
| २८ | पूरस्कार वितरण खर्च | २००,०००।०० | | २००,०००।०० |
| २९ | प्रयोगात्मक, प्रोजेक्ट, इन्टर्नशिप, टिचिङ परीक्षा खर्च | १,२००,०००।०० | १,६०९,४९१।०० | २,०००,०००।०० |
| ३० | विद्यार्थी तालिम खर्च | | ३२०,३२४।०० | ६००,०००।०० |
| ३१ | अनुसन्धान सम्बन्धि खर्च | ६,०००,०००।०० | १,६८३,६६२।९८ | ६,३००,०००।०० |
| ३२ | छात्रवृत्ति खर्च | १,०००,०००।०० | १,५६३,७००।०० | २,०००,०००।०० |
| ३३ | ढुवानी खर्च | ५०,०००।०० | ११,४६३।०० | ५०,०००।०० |
| ३४ | विद्यार्थी यातायत खर्च | ४,५००,०००।०० | ५,३५५,९८०।०० | ६,५००,०००।०० |
| ३५ | बैंकिङ विविध चार्ज | १०,०००।०० | १,५०५।०० | ५,०००।०० |
| ३६ | प्राध्यापक तथा कर्मचारी भ्रमण | ५००,०००।०० | ५००,०००।०० | ५००,०००।०० |
| ३७ | संचालक समिति तथा पदाधिकारी भ्रमण | ( | ( | १००,०००।०० |
| ३८ | इन्टरनेट, एस.एम.एस. र टेलिफोन खर्च | ८००,०००।०० | ३१३,६५०।०० | ५००,०००।०० |
| ३९ | सहयोग | ३०,०००।०० | ( | १००,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| ४० | सरसफाई तथा फोहोर व्यवस्थापन खर्च | ५००,०००।०० | १७४,३६०।०० | ३००,०००।०० |
| ४१ | बस मर्मत तथा सम्भार खर्च | ८००,०००।०० | २३८,५४४।०० | ५००,०००।०० |
| ४२ | अतिरिक्त क्रियाकलाप खर्च | १००,०००।०० | १७१,७७३।०० | ५००,०००।०० |
| ४३ | विद्यार्थी कल्याणकारी खर्च | ५०,०००।०० | ५३,१५९।०० | २५०,०००।०० |
| ४४ | चाडपर्व तथा अन्य कार्यक्रम खर्च | २५०,०००।०० | १६३,१७४।०० | ३००,०००।०० |
| ४५ | बैठक खर्च | १००,०००।०० | १५,३४५।०० | २५०,०००।०० |
| ४६ | सफ्टवेयर, ई.लाइब्रेरी तथा EMIS खर्च | २५०,०००।०० | ३०,०००।०० | २५०,०००।०० |
| ४७ | डिजिटलाइजेशन खर्च | ( | २६,०९०।०० | २,०००,०००।०० |
| ४८ | विद्यार्थी स्वागत तथा विदाई र अभिमुखिकरण खर्च | ( | ९४,६४४।०० | ५००,०००।०० |
| ४९ | औषधी उपचार तथा औषधी खरिद खर्च | १००,०००।०० | ५९,२३५।०० | १००,०००।०० |
| ५० | टाई /टिसर्ट खरिद | ५००,०००।०० | १३५,४४०।०० | ४००,०००।०० |
| ५१ | शिक्षक तथा कर्मचारी पोशाक खर्च | ५००,०००।०० | ५०२,०००।०० | ६००,०००।०० |
| ५२ | विद्यार्थी शैक्षिक अवलोकन भ्रमण खर्च | २५०,०००।०० | ३८,०००।०० | ५००,०००।०० |
| ५३ | अन्य खर्च | ५०,०००।०० | ( | ५०,०००।०० |
| ५४ | सामाजिक उत्तरदायीत्व खर्च | ५००,०००।०० | ( | २००,०००।०० |
| ५५ | Faculty Exchange खर्च | ( | ( | ५००,०००।०० |
| ५६ | नया सम्बन्धन खर्च | २,०००,०००।०० | | ६,०००,०००।०० |
| ५७ | भौतिक तथा फर्निचर मर्मत सम्भार खर्च | ५००,०००।०० | ४४८,०२९।०० | १,०००,०००।०० |
| ५८ | उपकरण मर्मत तथा सम्भार खर्च | ५००,०००।०० | ७७,७१०।०० | ८००,०००।०० |
| ५९ | थेसिस तथा अभिमुखिकरण खर्च | ३००,०००।०० | ५०,०००।०० | २००,०००।०० |
| | जम्मा नियमित खर्च | ८१,१७३,११४।०० | ६६,५३३,१७४।३५ | १०१,५८१,९४७।०० |
| | बचत | २०,६२६,९९६।०० | | २३,७३१,८५३।०० |
| | जम्मा | १०,१८,००,११०।०० | | १२५,३१३,८००।०० |
| | | | | |
| ख | पुंजिगत खर्च | | | |
| १ | भौतिक निर्माण खर्च | ६,०००,०००।०० | ४,४२७,३७६।५४ | ६,०००,०००।०० |
| २ | उपकरण खरिद | ७,५००,०००।०० | ३,०१२,२५२।०० | ६,५००,०००।०० |
| ३ | फर्निचर तथा अफिस डेकोरेशन | २,५००,०००।०० | २,०६६,८८८।०० | २,५००,०००।०० |
| ४ | लाइब्रेरी बुक खरिद | १,०००,०००।०० | ७६७,३३६।०० | १,०००,०००।०० |
| ५ | लाइब्रेरी निर्माण खर्च | ( | ( | १,५००,०००।०० |
| ६ | पानी फिल्टर प्लान्ट | ८००,०००।०० | ( | ८००,०००।०० |
| ७ | अतिरिक्त क्रियाकलाप सामाग्री खरिद | २००,०००।०० | ५७,८६०।०० | २००,०००।०० |
| ८ | बिजुली जन्य सामाग्री | २००,०००।०० | ४७३,६६५।०० | २००,०००।०० |
| ९ | सफ्टवेयर तथा वेवसाइट खर्च | | १,०९६,१००।०० | ( |
| १० | विद्युत् वाइरिङ्ग | ( | ( | २,०००,०००।०० |
| ११ | बस खरिद | ( | ( | २,०००,०००।०० |
| | पुजिगत खर्च | १८,२००,०००।०० | ११,९०१,४७७।५४ | २२,७००,०००।०० |
| | खुद बचत | २,४२६,९९६।०० | ४२,१४३,५१३।४६ | १,०३१,८५३।०० |
| | जम्मा रु | १०१,८००,११०।०० | १२०,५७८,१६५।३५ | १२५,३१३,८००।०० |